म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- १५४ २०८० वैशाख १५ गते शुक्रबार 27 April 2023, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

जग्गा बिक्रिमा

हेटौंडा उपमहानगरपालिका–९ गुम्बाचोक नजिकै १० (दश) धुर जग्गा र चौघडामा १०.५ (साढे दश धुर) को दुई टुक्रा घडेरी बिक्रीमा रहेकोले आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नु होला ।

सम्पर्क नं.
९८५१३३२३८०, ९८०११८६७०९

दबाबमा पत्रकार महासंघ

जघन्य अपराध मुद्दामा अनुसन्धान जारी रहँदा विज्ञप्ति !



विषयः निष्पक्ष छानविन सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा २०७९ चैत्र ३० गते नेपाल पत्रकार महासंघ मकवानपुरका सदस्य इन्द्रप्रसाद बन्जारा (रमेश) लाई एक महिलाले असहमतिमा शारिरीक सम्पर्क राखेको आरोप लगाएपछि जिल्ला प्रहरी कार्यालय मकवानपुरले उनलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको विषयप्रति महासंघ मकवानपुरको ध्यानाकर्षण भएको छ ।

पछिल्ला दिनमा मकवानपुरका सञ्चार माध्यममा उक्त घटनासँग सम्वन्धित विषयका विभिन्न समाचार तथा सीसीटिभी फुटेजहरु प्रकाशन/प्रसारण भईरहेका छन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई घटनाको निष्पक्ष र दोहोरो छानविन गरी चाडोभन्दा चाडो दोषीलाई कानून अनुसार कारबाही र निर्दोषलाई न्याय दिलाउनका लागि कुनै दबाव र प्रभावमा नपरी अध्ययन तथा अनुसन्धानका लागि महासंघ मकवानपुर जोडदार माग गर्दछ । साथै विलम्ब नगरी सत्यको पक्षमा न्याय निरुपणका लागि सरोकारवाला अन्य निकायलाई पनि महासंघ मकवानपुर यसै विज्ञप्तीमार्फत् आग्रह गर्दछ ।

मणिराज गौतम
अध्यक्ष

प्रेस विज्ञप्ती

मिति २०७९ चैत्र ३० गते नेपाल पत्रकार महासंघ मकवानपुर शाखाका सदस्य इन्द्रप्रसाद बन्जारा (रमेश) लाई एक महिलाको उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले अनुसन्धानको लागि सोही दिन नियन्त्रणमा लिएको घटनाप्रति नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिको ध्यानाकर्षण भएको छ ।

केही दिनयता विभिन्न सञ्चारमाध्यममा उक्त घटनासँग सम्वन्धित विषयमा उनलाई फसाउने प्रयास गरेको आशंका सहित समाचार तथा सिसीटिभी फुटेजहरु प्रकाशन/प्रशारण भइरेहेका छन् । कसैको दवाव र प्रभावमा नपरी घटनाको निष्पक्ष र दोहोरो छानविन गर्न र विलम्ब नगरी सत्यको पक्षमा न्याय निरुपणको लागि सम्वन्धित सरोकारवाला निकायहरुसँग माग गर्दछौं ।

कृष्ण सारु मगर
महासचिव

समाज संवाददाता

हेटौंडाः नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला समिति र बागमती प्रदेश समितिले दबाबमा आएर जघन्य अपराधको मुद्दामा अनुसन्धान जारी रहँदा निश्पक्ष छानविनको माग गर्दै विज्ञप्ति जारी गरेको छ । महासंघको सदस्य समेत रहेका इन्द्रप्रसाद बन्जारा (रमेश) बलात्कारको अभियोगमा पक्राउ परेको १५औं दिनमा दबाबमा परेर महासंघको जिल्ला र प्रदेश समितिले ध्यानाकर्षण भएको भन्दै विज्ञप्ति जारी गरेको हो ।

बन्जाराको पक्षमा रहेका केही व्यक्तिले महासंघमाथि दबाब सिर्जना गरेपछि बिहीबार जिल्ला समिति र प्रदेश समितिले विज्ञप्ति जारी गरेको हो । यसअघि बुधबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुर जिल्ला समितिले बन्जारा निर्दोष भएको र उनलाई फसाउन खोजिएको भन्दै प्रहरीलाई ध्यानाकर्षणपत्र बुझाएको थियो । बलात्कार जस्तो जघन्य अपराधमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहँदा राजनीतिक दलसँगै दबाबमा आएर महासंघले समेत विज्ञप्ति जारी गर्नु गम्भीर विषय हो । अधिकारकर्मीले जघन्य अपराधमा प्रहरीको अनुसन्धान जारी रहँदा यस किसिमको क्रियाकलापले अपराधलाई प्रोत्साहित गर्ने र पीडितलाई थप पीडा पुग्ने भन्दै आश्चर्य व्यक्त गरिरहेका बेला महासंघले विज्ञप्ति जारी गरेको छ ।

बन्जारा प्रकरणमा नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला समितिका पदाधिकारीले बन्जारा पक्राउ परेलगत्तै प्रहरी अधिकारीलाई भेटेर घटनाको विषयमा बुझेको थियो । अनौपचारिक रुपमा महासंघले बन्जारा प्रकरणलाई हेरि रहेकै बेला सामाजिक सञ्जालमार्फत महासंघप्रति प्रस्तुत भएका प्रश्नकै आधारमा महासंघले बिहीबार विज्ञप्ति जारी गरेको हो ।

महासंघले निष्पक्ष छानविन गर्न माग गरेको छ । नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला समितिका अध्यक्ष मणिराज गौतम र नेपाल पत्रकार महासंघ बागमती प्रदेश समितिका महासचिव कृष्ण सारु मगरले छुट्टा छुट्टै विज्ञप्ति निकालेर ध्यानाकर्षण भएको जनाएको छ । दुबै विज्ञप्तिको व्यहोरा भने करिब समान छ । दुवै विज्ञप्तिमा बन्जारा पक्राउ परेको घटनाप्रति ध्यानाकर्षण भएको जनाउँदै दोषीलाई कानुनी कारबाही र निर्दोषलाई न्याय दिलाउन प्रहरी प्रशासनसमक्ष माग गरिएको छ । घटनाका विषयमा विलम्ब नगरी सत्यको पक्षमा न्याय निरुपणका लागि सरोकारवाला निकायसमक्ष पनि महासंघ मकवानपुर अध्यक्ष गौतमले विज्ञप्तिमार्फत् आग्रह गर्नुभएको छ ।

प्रहरीले अनुसन्धान गरिरहेको मुद्दामा सञ्चार माध्यममा सीसीटिभी फुटेज आएको उल्लेख गर्दै घटनाको दोहोरो छानविन गर्न समेत माग गरिएको छ । विधिको शासनको पैरवी गर्ने महासंघले जघन्य अपराधमा प्रहरी, सरकारी वकिलको कार्यालय हुँदै न्यायालयले न्याय सम्पादन गर्ने अवस्था रहँदा रहँदै दबाबमा आएर विज्ञप्ति जारी गर्नु भविष्यमा संस्थागत सम्बन्धमा समेत वैमनस्यता सिर्जना हुने जोखिम रहन्छ । प्रहरी, प्रशासनको निश्पक्ष कार्यसम्पादनको निगरानी गर्नुपर्ने पत्रकारहरुको साझा संस्थाले आफ्नो सदस्य पक्राउ परेको विषयमा अनौपचारिकरुपमा समन्वय गरिरहेकै बेला दबाबमा आएर विज्ञप्ति जारी गर्नुले विधिको शासनप्रति अविश्वास गरेको ठहरिनेछ । मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बामदेव गौतमले बन्जारा प्रकरणको सुरुवातदेखि नै घटनाको निश्पक्ष छानविन हुने स्पष्ट पार्दै आउनुभएको छ ।

कोरोनाको परीक्षण गराउने बढे

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा कोरोना संक्रमण भए/नभएको जाँच गर्न आउनेको संख्या बढेको छ । अस्पतालमा बैशाखबाट कोरोनाको जाँच गराउन आउनेको संख्या बढेको हो ।

पछिल्ला दिनहरुमा मानिसले मास्कको प्रयोग गर्न कम गरेका र जमघट धेरै भएका कारण कोरोना बढ्दै गएको अस्पतालका मेडिकल प्रयोगशाला प्राविधिक प्रशान्त झाले बताउनुभयो । कोरोना भाइसर संक्रमण बढ्दै गएपछि अस्पतालमा परीक्षण गराउन आउनेको संख्या पनि बढ्दै गएको उहाँले जानकारी दिनुभयो । हेटौंडा अस्पतालमा एक दिन बिराएर कोरोना भाइरस संक्रमण परीक्षणको नमुना जाँच हुने गरेको छ । मानिसहरु दिनहुँ कोरोना जाँच गर्न आउने गरेका छन् । परीक्षण गराएकामध्ये दैनिक ६–७ जनासम्म कोरोना पोजेटिभ देखिने गरेको झाले बताउनुभयो । कोरोना खोपको बुस्टर डोज लगाएका मानिस पनि जाँच गर्न आउने गरेको झाले बताउनुभयो ।

अस्पतालमा कोरोना परीक्षणका लागि आउने संख्या बढेसँगै मकवानपुरमा कोरोना संक्रमण बढ्दै गएको छ । बुधबार अस्पतालमा ६ जनाको एन्टिजेन परीक्षण गर्दा ३ जना कोरोना संक्रमित भेटिएको उहाँले जानकारी दिनुभयो ।

विद्यालय जाने उमेरका बालबालिकालाई विद्यालय पठाऔं, भर्ना अभियान सफल पारौं । बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गरौं ।

समृद्ध समाज राष्ट्रिय दैनिक

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
- -थाईराईड
- -क्यान्सर
- -रक्तअल्पता
- -वाथरोग
- -बाँझोपन
- -भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

ट्वाइलेटमा लडेर एक जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः दोलखा जिल्लाको भीमेश्वर नगरपालिका–६, सिमपानीमा एक जना मानिसको लडेर मृत्यु भएको छ । मृत्यु हुनेमा भीमेश्वर नगरपालिका–९, झिगान घर भई हाल सिमपानी बस्ने ५० वर्षीय सञ्जय भन्ने लालबहादुर तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

तामाङ बुधबार दिउँसो ३ बजेर ३० मिनेटको समयमा ट्वाइलेटमा लडी बेहोस अवस्थामा फेला परेका थिए । तामाङलाई उपचारको लागि चरिकोट अस्पताल लगिएकोमा उपचारको क्रममा ४ बजेर ४५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

रुखबाट लडेर वृद्धको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रे जिल्लाको बनेपा नगरपालिकामा–१४, आशापुरीमा रुखबाट लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थान बस्ने ६५ वर्षीय लालबहादुर पाखिन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

पाखिन बैशाख ८ गते शुक्रबार दिउँसो २ बजे ३० मिनेटको समयमा आफ्नै बारीको किम्बुको रुखको स्याउला काट्ने क्रममा रुखबाट लडेर गम्भीर घाइते भएका थिए । घाइते पाखिनलाई उपचारका लागि मध्यपुर अस्पताल ठिमी भक्तपुर लगिएकोमा उपचारको क्रममा बुधबार दिउँसो १२ बजेर ४० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

रेडियो निकास ९३.४
The Voice of Community

नगर प्रमुखलाई इस्टुको स्मरणपत्र

१६ बुँदे सहमति कार्यान्वयन गर्न माग

समाज संवाददाता

हेटौंडाः संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) हेटौंडा उपमहानगर समितिले बिहीबार हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामालाई स्मरणपत्र बुझाएको छ । गत पुस १६ गते विभिन्न शिक्षक संगठनहरुसँग भएको सहमति कार्यान्वयनमा जोड दिन माग गर्दै नगर प्रमुखलाई इस्टुले स्मरण गराएको हो ।

पुस १६ गते हेटौंडा उपमहानगर पालिका र मकवानपुरगढी गाउँपालिकासँग शिक्षक संगठनहरुले १६ बुँदे सहमति गरेको थियो । सहमतिअनुसार पालिकाले सरोकारवाला संगठनहरुको सहभागितामा पालिकास्तरीय शैक्षिक संवाद समिति गठन गर्ने, बजेट तथा शैक्षिक नीति तथा कार्यक्रम निर्माण गर्दा शिक्षक संगठनहरुसँग छलफल गर्ने, वर्षमा कम्तिमा दुईपटक बैठक तथा संवाद गर्ने सहमति भएको थियो । यस्तै संस्थागत तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीलाई शिक्षा ऐन, नियमावलीमा तोकिएबमोजिम नियुक्तिपत्र, तलब, भत्तालगायत सुविधा उपलब्ध गराउन आवश्यक वातावरण निर्माण गर्ने सहमति पनि भएको थियो ।

सम्झौता भएपश्चात सम्झौता कार्यान्वयनका लागि कुनै किसिमको प्रक्रिया अगाडि नबढेको उल्लेख गर्नुहुँदै इस्टु हेटौंडा उपमहानगर समितिका अध्यक्ष नवीन मिश्रले भन्नुभयो, "शिक्षक, कर्मचारीको पेशागत हित र पालिकाको समग्र शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने गरी भएको सहमति कार्यान्वयनमा जान नसकेको सन्दर्भमा इस्टुले सम्झौताका पक्षधर सबैलाई जानकारी गराएर नगर प्रमुखलाई स्मरण गराएको हो । हामी छिट्टै प्याव्सनलाई पनि स्मरणपत्र बुझाएर पत्रकार सम्मेलन गर्नेछौं ।"

१६ बुँदे सहमतिमा पालिकाले १० वर्षे शिक्षा योजना बनाई कार्यान्वयन गर्ने बुँदा पनि समावेश गरिएको छ । इस्टुले विद्यालयमा कार्यरत शिक्षक, कर्मचारीलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गराउनुपर्ने विषयलाई पनि प्राथमिकतामा राखेको छ । स्मरणपत्र बुझाउन इस्टुका केन्द्रीय उपाध्यक्ष दीपक गौतम, केन्द्रीय सदस्य एसके ज्ञवाली, मकवानपुर जिल्ला अध्यक्ष रामशरण रिजालमा पुग्नुभएको थियो ।

१०६ जना मनोरोगीको स्वास्थ्य परीक्षण

समाज संवाददाता

हेटौंडाः हेटौंडा–९, लामसुरेधापमा रहेको मानवसेवा आश्रममा आश्रित एक सय ६ जना मनोरोगीको स्वास्थ्य परीक्षण गरिएको छ । बिहीबार मनोचिकित्सा डा. गिरीराज भन्तनाले मनोरोगबाट ग्रस्त आश्रितको स्वास्थ्य परीक्षण गर्नुभएको हो ।

दैनिक मनोरोगको औषधि सेवन गर्दै आउनुभएका आश्रममा आश्रित आमाबाबुको प्रत्येक महिना स्वास्थ्य परीक्षण गर्ने गरि एको छ । मानवसेवा आश्रमका अभियन्ता होमनाथ पौडेलले औषधिको डोज बढाउने र घटाउने गर्नुपर्ने भएकाले नियमित स्वास्थ्य परीक्षण गर्ने गरेको बताउनुभयो । आश्रममा आश्रित मनोरोगी आमाबाबुका लागि मासिक २ लाख रुपैयाँ औषधि खर्च लाग्ने गरेको उहाँले जानकारी दिनुभयो । प्रायः आश्रमले नै औषधि खर्च जुटाउँदै आइरहेको उहाँको भनाई छ । आश्रममा २ सय जना आश्रित हुनुहुन्छ । जसमा २ जना एचआईभी रोगबाट पीडित हुनुहुन्छ भने ८ जना अशक्त हुनुहुन्छ ।

एसईईपछि...

आउनुहोस् केही सिकौं, केही गरौं

आधारभूत पत्रकारिता तालिम
- समाचार संकलन तथा लेखन
- रेडियोमा समाचार वाचन तथा कार्यक्रम सञ्चालन

रेडियो निकास ९३.४
The Voice of Community

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

छिटो गर्नुहोस् ।
९८५५०६८२२७
समृद्ध समाज दैनिक
रेडियो निकास ९३.४ मेगाहर्ज
www.samriddhasamaj.com

RELIANCE
ENGLISH SECONDARY BOARDING SCHOOL

ठेगाना
हेटौंडा-५, सनोपोखारा

भर्ना खुल्यो !!
२०८०
नर्सरी देखि ९ सम्म

कक्षा	१	२	३	४	५	६	७	८	९
सीट संख्या	११	६	१२	८	१०	७	९	८	३

थप जानकारीको लागि
९८०२५३९५७७ | ९८०२५३९५७३ | ९८०२५३९५७५

सम्पादकीय

अनुसन्धानलाई प्रभावित नपारौं

महिला हिंसा र बलात्कारका घटना वृद्धि हुँदै गए पनि कतिपय घटनामा पीडकले उन्मुक्ति पाउने गरेका छन् । बलात्कारजस्तो जघन्य अपराधका घटनामा समेत पीडकको पक्षपोषण गर्ने तथा पीडितलाई प्रलोभन र त्रास देखाउने गरिएका कारण पीडितले न्याय पाउन सकिरहेका छैनन् । दिनहुँ कतै न कतै बलात्कारका घटना भइरहेका हुन्छन् । मकवानपुर जिल्लामा पनि बलात्कारका घटना उल्लेख्य हुने गरेको छ । बलात्कारका घटनाको उजुरीका आधारमा प्रहरीले छानविन तथा अनुसन्धान गरिरहेकै अवस्थामा र अदालतमा मुद्दा दर्ता गरिसकेपछि पनि विभिन्न दबाब र प्रभावमा पीडक उम्कने गरेका थुप्रै उदाहरण छन् । बलात्कारका घटनाका दोषी पक्राउ पर्दै पर्दैनन्, परिहाले पनि पीडितलाई विभिन्न प्रलोभन तथा डर त्रास देखाएर मिलापत्र गराउने र बयान परिवर्तन गरी मुद्दालाई कमजोर बनाउने गरिएको पाइन्छ । बलात्कारीलाई मृत्युदण्ड नै दिनुपर्ने आवाज उठ्ने गरेको भए पनि घटनाको निष्पक्ष अनुसन्धानमा प्रभाव पारेर पीडक उम्कने अवस्थाको अन्त्य हुन सकेको छैन ।

जबरजस्ती करणीको आरोपमा २ सातादेखि प्रहरी हिरासतमा रहेका एक जना व्यक्तिलाई फसाउन खोजिएको भन्दै राजनीतिक दलले नै प्रहरीको ध्यानाकर्षण गराएपछि अहिले हेटौंडामा चासो र चर्चा बढाएको छ । गत चैत ३० गते एक महिलाले आफूमाथि बलात्कार गरेको आरोप लगाउँदै प्रहरीमा उजुरी दर्ता गराएपछि प्रहरीले सोही दिन आरोपितलाई पक्राउ गरी हिरासतमा राखेर अनुसन्धान गरिरहेको छ । प्रहरीले दुई पटक म्याद थप गरेर घटनाको अनुसन्धान गरिरहेकै समयमा स्थानीय एक अनलाइनले आरोपित निर्दोष रहेको र फसाउन खोजिएको भन्दै समाचार प्रकाशन गरेपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मकवानपुरले प्रहरीलाई ध्यानाकर्षण पत्र बुझाएको छ । प्रहरीले अनुसन्धान गरिरहेको मुद्दामा राजनीतिक पार्टीले ध्यानाकर्षण गराएको विषयलाई अर्थपूर्णरुपमा हेरिएको छ । मकवानपुर प्रहरी प्रमुखले कसैको दबाव र प्रभावमा परेर मुद्दाको अनुसन्धान प्रभावित नहुने भने पनि यस्ता क्रियाकलापले घटनाको निष्पक्ष छानविन र अनुसन्धानमा प्रभाव पर्नसक्ने तथ्यलाई नकार्न सकिँदैन ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले ९१ वटा मुद्दाको अनुसन्धान गरिरहेको बताइएको छ । यो मुद्दामा पनि अनुसन्धान अधिकृत तोकेर अनुसन्धान गरिरहेको र प्रहरीको अनुसन्धान प्रभावित नहुने भनिए पनि राजनीतिक दलले नै बलात्कारजस्तो जघन्य अपराधमा ध्यानाकर्षणपत्र बुझाएकोमा अधिकारकर्मीले आश्चर्य प्रकट गरेका छन् । सञ्चार माध्यममा आएका समाचार र सीसीटीभी फुटेजका आधारमा आरोपितलाई सुनियोजितरुपमा फसाउन खोजको जनगुनासो आएकाले ध्यानाकर्षण गराएको रास्वपाको भनाइ छ । यो घटनामा आरोपितलाई सुनियोजितरुपमा फसाउन खोजिएकाले फसाइनुहुन्न भनेर घटनाको सत्यतथ्य छानविन र सूक्ष्मरुपमा समयमै अनुसन्धान गर्न माग गर्दै ध्यानाकर्षण गराइएको रास्वपाले जनाएको छ ।

कुनै पनि अभियोगमा निर्दोष व्यक्तिलाई फसाइनु हुँदैन । आपराधिक घटनाको सत्यतथ्य छानविन गर्ने काम प्रहरीको हो । प्रहरीले घटनाको छानविन र अनुसन्धान चाँडै गरेर दोषीलाई कारबाहीको दायरामा ल्याउनु आवश्यक छ । समाचारमा भनिएका घटनाक्रम र सीसीटीभी फुटेजको बारेमा प्रहरीले पनि सत्यतथ्य जाँच गरेर एउटा टुंगोमा पुग्नैपर्छ । तर, प्रहरीले कानुनबमोजिम आफ्नो अनुसन्धानको काम गरिरहेको अवस्थामा कुनै पनि राजनीतिक दल, व्यक्ति, संस्था वा समूहले अनावश्यक दबाब दिएर अनुसन्धानलाई प्रभावित पार्नु हुँदैन । अधिकांश बलात्कारका घटनाहरु गुपचुप रहने र सार्वजनिक भएका घटनाहरुमा मिलापत्र गराउने, पर्याप्त प्रमाण नपुगेको भन्दै अपराधीले उन्मुक्ति पाउने अवस्थाको अन्त्य हुनुपर्छ । पावर, पैसा तथा अन्य कुनै पनि प्रभावमा परेर अपराधी उम्कनु हुँदैन ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	फापरबारी इलाका	६२१९८०
जिल्ला प्रहरी कन्ट्रोल	१००	चित्लाङ इलाका	६२१०००
ट्राफिक प्रहरी	१०३	वारुण यन्त्र	१०१
वडा प्रहरी	५२०२९९	बालबालिका खोजतलास केन्द्र	१०४
पशुपतिनगर इलाका	५२०५९८	बाल हेल्पलाइन	१०९८
मनहरी इलाका	९८५५०९०१६१	हेलो सरकार	११११
भीमफेदी इलाका	६९१४६२	नेपाल टेलिकम सोधपुछ	१९७
पालुङ इलाका	६२०४६७		

तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : भोजभतेरका काममा सरिक भइने समय छ ।
वृष : अड्किएका कामहरु सम्पन्न हुने समय छ ।
मिथुन : परोपकारजन्य काममा सरिक भइने छ ।
कर्कट : बोलीमा संयमता अपनाउँदा राम्रो होला ।
सिंह : अनुशासन र संयमताको काममा पूर्णता ।
कन्या : धार्मिक र सामाजिक काममा सरिक भइने समय छ ।
तुला : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।
वृश्चिक : लेखाई– पढाई मध्यमकारक रहने समय छ ।
धनु : धार्मिक तथा परोपकारजन्य काममा सरिक भइने छ ।
मकर : मित्रको सहयोगले काममा पूर्णता हुने समय छ ।
कुम्भ : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
मीन : धार्मिक र परोपकारजन्य काममा सरिक भइएला ।

विश्व व्यवस्थाको चपेटामा फसेको नेपाल

केशव खतिवडा

इतिहास, सामाजिक अध्ययन तथा परिवर्तनका लागि विश्वलाई एउटा मूल एकाइ मानी अध्ययन तथा विश्लेषण गर्ने सिद्धान्तलाई विश्व व्यवस्था सिद्धान्त भनिन्छ । अमेरिकी समाजशास्त्री तथा अर्थशास्त्री इम्यानुयल वालरस्टिनले सन् १९७० को दशकमा 'द मोर्डन वर्ल्ड सिस्टम' नामक पुस्तकमार्फत विश्व व्यवस्थाबारे दृष्टिकोण प्रस्तुत गरे। उनका अनुसार विभिन्न राष्ट्रहरू थुप्रै राज्यहरूमा विभाजित छ । यसलाई समष्टिमा विश्व एक प्रणालीका रूपमा र व्याष्टिमा थुप्रै राष्ट्रहरू राज्यका रूपमा फरक फरक ढङ्गले हेर्ने, बुझ्ने र विश्लेषण गरिन्छ ।

विश्व एउटा सिङ्गो प्रणाली हो भने यसभित्रका विभिन्न एकाइहरूमा विभाजित राष्ट्रहरु उपप्रणाली हुन्। ग्रह र उपग्रहबीचमा सम्बन्ध भएजस्तै सिङ्गो विश्वप्रणाली र उपप्रणालीका रुपमा रहेका थुप्रै राष्ट्रको बीचमा अन्तरसम्बन्ध रहेको हुन्छ ।

विश्व प्रणालीलाई एउटा बौद्धिक परियोजनाका रूपमा प्रतिपादन गर्ने सिद्धान्तकार वालरस्टिनद्वारा लिखित द मोर्डन वर्ल्ड सिस्टम नामक पुस्तकअनुसार इतिहासमा दुई किसिमका विश्व प्रणाली पाइन्छन् । पहिलो, विश्व अर्थव्यवस्था प्रणाली र दोस्रो, विश्व साम्राज्य प्रणाली ।

विश्व अर्थव्यवस्था प्रणाली तीन तहका मुलुकहरूको बीचमा स्रोतसाधनको प्रयोग र शोषणसँग सम्बन्धित छ भने विश्व साम्राज्य प्रणाली शक्ति अभ्यास र प्रयोगसँग सम्बन्धित छ । विश्व अर्थव्यवस्था प्रणालीअनुसार वर्तमान विश्वमा पुँजीवादको वर्चस्व रहेको छ। तर पुँजीवादी अर्थव्यवस्था देहायबमोजिम चार कारणले समस्या ग्रस्त बन्दै गएको छ ।

१. माग र पूर्तिबीच असन्तुलन सिर्जना हुँदै जानु, २. उपभोगबाट सिर्जना हुने अधिशेष मूल्यको एक भाग आफ्नो नाफा हुनुपर्ने पुँजीपतिहरूको इच्छा हुनु, ३. पुँजीपति र मजदुरबीच अन्तर्विरोध बढ्नु र ४. विश्व प्रणाली र थुप्रै राज्यबीचमा हुने अन्तर्विरोध ।

आर्थिक दृष्टिकोणले हेर्ने हो भने विश्वका पछिल्ला आधुनिक विकासका अवधारणाहरु अर्थशास्त्री जोसेफ सुम्पिटरले प्रतिपादन गरेको सिर्जनात्मक विघटनको सिद्धान्त, अमर्त्य सेनको आर्थिक विकासका लागि स्वतन्त्रता र क्षमता दृष्टिकोणको ढाँचा सबै पुँजीवादी व्यवस्थामा आधारित छन् ।

सन् १९८० को दशकमा मार्गेट थ्याचर, रोनाल्ड रेगन र अगस्तो पिनाचेले सङ्गठित रुपमा प्रयोगमा ल्याएको उदारवाद, नवउदारवाद र भूमण्डलीकरण पनि पुँजीवादी मान्यतामा आधारित छन्। यसले ससाना मुलुकका स्रोतसाधन शक्तिशाली मुलुकमा जाने व्यवस्था मिलाएको हुन्छ । यस्तो प्रवृत्ति नै आजको विश्वको मूल प्रवृत्ति हो । यही मूल प्रवृत्तिलाई वालरस्टिनको शब्दमा विश्व व्यवस्था सिद्धान्त भनिन्छ ।

विश्वका मूल एकाइभित्रका शक्ति राष्ट्रहरूले साना र दुर्बल राष्ट्रहरूमा नियन्त्रित अस्थिरता सिर्जना गर्ने, अस्थिर राष्ट्रहरूको माइक्रो म्यानेजम्यान्ट गर्ने नाममा नाम मात्रको अनुदान राशि लिएर प्रवेश गर्ने गर्छन् । यसपछि आआफ्नो हित र स्वार्थ अनुकूल हुनेगरी आन्तरिक व्यवस्थापनमा सहयोग गर्ने नाममा सो मुलुकमा रहेको कच्चा पदार्थ, श्रम शक्ति आफ्नो मुलुकमा भित्र्याउँछन् । त्यस मुलुकलाई आफ्नो उत्पादित वस्तु बिक्री गर्ने बजार बनाउने, लाभदायक ढङ्गले पुँजी लगानी गर्ने क्षेत्र कायम गर्ने, सहयोग गर्ने नाममा चर्को ब्याजदरमा ऋण लगानी गर्ने र असमान सन्धि सम्झौता गर्न बाध्य बनाउँछन्। अनि सो मुलुकलाई अघोषित उपनिवेश बनाउँछन् ।

वालरस्टिनका अनुसार पुँजीवादी अर्थ शासन व्यवस्थाको मूल चरित्र वा विशेषता भनेको गरिबीलाई जोगाई राख्नु हो । किनभने गरिबी कायम रहेको खण्डमा गरिबी न्यूनीकरण गर्ने बहानामा चर्को ब्याजदरमा ऋण लगानी गर्छन्। रोजगार दिने नाममा सस्तो श्रम भित्र्याउन सकिन्छ । विकासमा सहयोग पुऱ्याउने नाममा लाभदायक ढङ्गले पुँजी लगानी गर्ने अवसर रहन्छ। व्यापार सम्झौताका नाममा आफ्ना उत्पादित वस्तुहरू बिक्री गर्ने नयाँ बजार बनाउन सकिन्छ । अस्थिरता व्यवस्थापन गर्ने नाममा आन्तरिक राजनीतिमा चलखेल गरी आफू अनुकूलको सरकार बनाउन घुसपैठ गर्ने अवसर प्राप्त हुन्छ ।

इम्यानुलले स्रोत र साधन भएका ससाना मुलुकहरूलाई शक्ति राष्ट्रहरूले शोषण गर्ने तरिकालाई तीन तहमा विभाजन गरी व्याख्या गरेका छन् । पेरिफेरि मुलुक (तल्लो परिधिमा रहेका कमजोर र अल्पविकसित मुलुक) सेमिपेरिफेरि मुलुक (बीच वा मध्य परिधिमा रहेका विकासशील मुलुक), कोर मुलुक (मुख्य शक्तिशाली मुलुक) आजको युग विगतको जस्तो शोभियत धुरी र अमेरिकी धुरीबीचको शीतयुद्धको युग हैन ।

यो व्यापार युद्धको युग हो। सैनिक र राजनीतिक उपनिवेशको युग नभएर व्यापार उपनिवेशको युग हो। जसअनुसार पेरिफेरि (अल्पविकशित) मुलुकमा रहेका कच्चा पदार्थ र सस्तो श्रमजस्ता स्रोत साधन सेमी पेरिफेरि (विकासशील) मुलुकतर्फ जाने र पेरिफेरि र सेमिपेरिफेरि मुलुकमा रहेको स्रोतसाधन कोर (शक्तिशाल) मुलुकतर्फ जाने अघोषित र अदृश्य मार्ग बनाएको हुन्छ । अर्कातर्फ कोर मुलुकमा उत्पादित वस्तुहरू बिक्री गर्न र लाभदायक ढङ्गले पुँजी लगानी गर्न पेरिफेरी र सेमी पेरिफिरी मुलुकतर्फ जाने व्यवस्था मिलाएको हुन्छ। सारमा आधुनिक विश्व व्यवस्था सिद्धान्तको मूल प्रवाह वा आत्मा यति नै हो ।

यही विश्व व्यवस्थाको चपेटामा नेपाल मूलतः २०४६ सालको बहुदलीय व्यवस्थाको पुनर्स्थापनसँगै फस्दै आएको पाइन्छ। आर्थिक उदारीकरण र संरचनागत समायोजन कार्यक्रमको नाममा अनियन्त्रित ढङ्गले निजीकरण र वित्तीय उदारीकरणको सुरुवात गरियो ।

विश्वव्यापीकरणसँग मित लगाउँदै जाने वा पौँठेजोरी खल्दै नियन्त्रित ढङ्गले सामना गर्ने भन्ने विवाद उदारवादको पक्षधर नेपाली कांग्रेस र ढुलमुले नीतिका पक्षधर कम्युनिस्टहरूका बीचमा बहस चलेको भए पनि दर्जनको हाराहारीमा महत्वपूर्ण सार्वजनिक संस्थानहरू कौडीको भाउमा निजीकरण गरियो । विदेशीको प्रस्ताव योजना र ऋण लगानीमा विभिन्न परियोजनाहरू स्वीकार गरियो ।

वैदेशिक रोजगारीका लागि सकेसम्म धेरै राष्ट्रसँग श्रम सम्झौता गरी सक्रिय जनशक्तिलाई विदेश पलायन गराइयो । शिक्षालाई एकातर्फ निजीकरण गरियो भने अर्कातर्फ विदेशमुखी बनाइयो । स्वास्थ्य क्षेत्रलाई लुटको व्यापार बनाइयो । परिणाम स्वरूप विश्वव्यापीकरणलाई धान्न सक्ने मुलुकको आन्तरिक संरचनाको विकास नै नभएको कारणले गर्दा स्वदेशी उद्योगधन्दामा नकारात्मक असर पऱ्यो । समग्रमा मुलुकको स्रोतसाधन शक्ति राष्ट्रहरूतर्फ जाने र ती मुलुकका उत्पादित सामान बजारीकरणका लागि भित्रिन थाले । अनपेक्षित ढङ्गले राजनीतिक अस्थिरता सिर्जना गरियो ।

मदन भण्डारीको रहस्यमय जिप दुर्घटना, नेपाली काङ्ग्रेसको एकल बहुमतको सरकारले मध्यावधि निर्वाचन घोषणा गर्ने, थापा र चन्दलाई काङ्ग्रेस र कम्युनिस्टले पालैपालो प्रधानमन्त्री बनाउने, माहाकालीजस्तो राष्ट्रघाती सन्धि गर्ने, दरबार हत्याकाण्ड र राजा ज्ञानेन्द्रको सत्ता रोहणजस्ता घटनाहरू अनपेक्षित रूपमा घटन पुगे ।

माओवादीसँग दिल्लीमा भएको सहमतिअनुसार शान्ति सम्झौता हुनु, पहिलो संविधान सभाले संविधान दिन नसक्नु, दोस्रो संविधान सभाको निर्वाचन गर्ने सरकारको नेतृत्व गर्ने कुनै पनि नेतालाई सक्षम नदेख्नु र संविधानको मर्म विपरीत बहालवाला प्रधानन्यायाधीशलाई मन्त्रीपरिषद्को अध्यक्ष बनाउनेजस्ता कार्य भए । राज्य पुनर्संरचनामा पहिचान र सामर्थ्यका विश्वव्यापी आधारलाई बेवास्ता गर्दै नाम मात्रको सङ्घीयता घोषणा गरियो। दुई तिहाइ नजिकको जननिर्वाचित सरकारले गैरसंवैधानिक ढङ्गले संसद् विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गर्यो ।

त्यसपछि असङ्गतिपूर्ण राजनीतिक गठबन्धन र सता भागवण्डाको कुरूप खेल सुरु भयो। राजनीतिक मूल्य मान्यता, नैतिकता, जनउतरदायित्व, जबाफदेहिता, सुशासन, समृद्धि नारा र कागजी दस्ताबेजमा मात्र सीमित हुन पुग्यो । परिणामस्वरूप मुलुक यतिखेर वैदेशिक ऋण, व्यापार घाटा, आन्तरिक आम्दानीले साधारण खर्चसमेत धान्न नसक्ने अवस्थामा पुग्यो । बैसट्ठी प्रतिशत सक्रिय जनशक्ति रहेका मुलुक भाडाका सिपाही र जीविकोपार्जनका लागि सस्तो श्रम बेच्न अधिकांश जनशक्ति बिदेसिन पुगे ।

विदेशी शिक्षाप्रतिको आकर्षणले एकातर्फ ठूलो धनराशि बिदेसिन पुग्यो । अर्कातर्फ ब्रेन ड्रेन हुन पुग्यो । कृषियोग्य जमिन बाँझिन पुगे । कृषिप्रधान मुलुक

...बाँकी पृष्ठ ३ मा

योग सुरु गर्दै हुनुहुन्छ ? ५ कुरामा ध्यान दिनुहोस्

मनिषा थापा

शारीरिक तथा मानसिक रुपमा स्वस्थ रहन योग उत्तम विकल्पमध्ये पर्छ । पछिल्लो समय योगप्रति धेरै मानिसको आकर्षण बढ्दै गएको छ ।

पहिलो पटक योग गर्न जानेहरुलाई भने कसरी सुरु गर्ने भन्ने अलमल हुन सक्छ । हुन त अहिले युट्युब लगायतमा भिडियो हेरेर पनि योग गर्न सकिन्छ । भिडियो हेरेर आफैं गरे पनि वा यदि योगगुरुसँग सिक्न जाँदै हुनुहुन्छ भने केही कुरामा पक्कै ख्याल गर्नुपर्छ । सामान्य गल्ती गर्दा योगको उल्टो प्रभाव पर्न सक्छ।

१. श्वासप्रश्वासको गतिमा ध्यान दिने

योगमा श्वासप्रश्वासले महत्वपूर्ण भूमिका खेल्छ । पहिलो पटक योग गर्ने व्यक्तिले कुनै प्रशिक्षकको निर्देशन बिना योग गरिरहेका छन् भने आसन गर्दा श्वासप्रश्वासको गतिमा ध्यान दिनुपर्छ । धेरैलाई योग गर्दा मुखबाट सास फेर्न हुँदैन भन्ने कुरामा ध्यान नहुन सक्छ । आसनमा कहिले सास लिने र कहिले छाड्ने गर्नुपर्छ भन्ने जानकारी हुनुपर्छ । त्यस्तै, शरीर फैलिंदा सास लिने र शरीर खुम्चिंदा सास छोड्ने गर्दा प्रभावकारी हुन्छ ।

योगेन्द्र खतिवडा
योग प्रशिक्षक

२. खाली पेटमा योग

पहिलोपटक योग गर्न जाँदै हुनुहुन्छ भने खाली पेटमा मात्र अभ्यास गर्नुपर्छ भन्ने कुरामा ध्यान दिनुपर्छ । बिहानको खाजा वा खाना खाने बित्तिकै योग गर्नु हुँदैन । यदि बिहान योग गर्ने समय छैन तर दिनको एकपटक योग गर्ने योजना बनाउनुभएको छ भने कम्तीमा दुई घण्टा जति खानेकुरा खानु हुँदैन । योग गरेपछि तुरुन्तै खाना नखानुहोस् । बरु शरीरलाई आराम दिनुहोस् र त्यसपछि खानुहोस् ।

३. कसिलो पहिरन नलगाउने

योग गर्दा आरामदायी लुगा लगाउनुपर्छ । ताकि शरीरलाई तन्काउँदा सहज होस् । टाइट लुगा लगाउनाले शरीरको मांसपेशी लचिलो हुन पाउँदैन र तन्किंदा लुगा च्यातिने डर हुन्छ। अर्कोतर्फ टाइट कपडाको कारण तपाईंको एकाग्रताका साथ योगमा ध्यान दिन सक्नुहुन्न ।

४. सिधै अभ्यास नगर्ने

पहिलो पटक सिधै योगासनमा जानु हुँदैन । योगासन वा प्राणायाम गर्नुपूर्व शरीर र मनको तयारीको लागि हल्का व्यायाम गरेर शरीरलाई वार्मअप गर्नुपर्छ । त्यसपछि मात्र योग गर्न शरीर तयार रहन्छ ।

५. कठिन योग अभ्यास नगर्ने

पहिलो पटक योग गर्दै हुनहुन्छ भने सरल र आधारभूत योगासनबाट सुरु गर्नुपर्छ । कठिन योगासन गर्न खोज्दा चोटपटकको जोखिम हुन सक्छ । र, योग वियोगमा परिणत हुन सक्छ । त्यसैले कुनै पनि योगाभ्यासको लागि सही आसन कुन हो भनेर सही रूपमा जान्नुपर्छ । किनकि शरीर, मौसम, रोग र आवश्यकता अनुसार योग आसन र प्राणयाम फरक-फरक हुन सक्छन् ।

त्यसैले त भनिन्छ, योगाभ्यासको लागि यसका जानकारसँग आवश्यक परामर्श गरेर मात्र सुरु गर्नुपर्छ ।

(योग प्रशिक्षक खतिवडासँग अनलाइनखबरकर्मी मनिषा थापाले गरेको कुराकानीमा आधारित) *(स्रोतः अनलाईनखबर)*

सवारी दुर्घटनामा २ को मृत्यु, ४ घाइते

समाज संवाददाता

हेटौंडा: सवारी दुर्घटनामा परी बागमती प्रदेशका विभिन्न जिल्लामा एकैदिन २ जनाको मृत्यु भएको छ। दुर्घटनामा ४ जना घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ।

बुधबार सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका–४, टुम्बुकमा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही स्थान बस्ने ३७ वर्षीय सूर्य सुनार रहेको प्रहरीले जनाएको छ। बैशाख ७ गते बिहीबार बिहान सोही स्थानमा पार्किङ गरिराखेको बा १७ च ६७१९ नम्बरको बोलेरो चालक ३५ वर्षीय सानुकान्छा खड्काले बोलेरो गाडी सरसफाई गरिरहेको बेला अचानक गाडी गुडेर ५० मिटर तल खस्दा चालक सिटमा बसेका सुनार घाइते भएका थिए। घाइते सुनारको सिन्धुसदाबहार हस्पिटल खाडीचौरमा सामान्य उपचारपश्चात् डिस्चार्ज भई घरमा आराम गरी बसेकोमा बुधबार दिउँसो २ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, धादिङ जिल्लाको त्रिपुरासुन्दरी गाउँपालिका–३, मुर्चोकमा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ, भने एक जना घाइते भएका छन्। बुधबार भित्री सडकखण्डमा ना ५ त ९३६० नम्बरको खाली ट्याक्टर आफैं अनियन्त्रित भई सडकबाट ५ सय मिटर तल खस्दा दुर्घटना भएको थियो। दुर्घटना हुँदा २५ वर्षीय सन्तोष कुवँरको घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ।

उक्त ट्याक्टरमा सवार २५ वर्षीय कृष्ण भण्डारी मध्यम घाइते भई उपचारका लागि स्थानीय मेडिकल लगिएकोमा सामान्य उपचारपश्चात् थप उपचारका लागि ट्रमा सेन्टर काठमाडौंमा लगिएको प्रहरीले जनाएको छ। कुवँरको शव मुचुल्कापश्चात् पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र, सल्यानटार लगिएको प्रहरीले जानकारी दिएको छ। यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका–११, अमनचोकमा सवारी दुर्घटना हुँदा एक जना बालक घाइते भएका छन्। घाइते हुनेमा सोही स्थान बस्ने १३ वर्षीय रोजिन परियार रहेको प्रहरीले जानकारी दिएको छ।

बुधबार दिउँसो १२ बजेर ४५ मिनेटको समयमा अमनचोकबाट विशालचोकतर्फ आउँदै गरेको बागमती प्रदेश ०३–००४ प ४२०७ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा परियार गम्भीर घाइते भएका थिए। घाइते परियारको नयाँ मेडिकल कलेज भरतपुरमा उपचार भइरहेको छ। मोटरसाइकल र चालक प्रहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ।

धादिङ जिल्लाको थाक्रे गाउँपालिका–७, सातकिलामा सवारी दुर्घटना हुँदा एक जना घाइते भएका छन्। घाइते हुनेमा निलकण्ठ नगरपालिका–१४ बस्ने ३२ वर्षीय बिनोद गुरुङ रहेको प्रहरीले जनाएको छ।

बुधबार काठमाडौंबाट धरानतर्फ जाँदै गरेको ना ७ ख ९३६ नम्बरको बसले सोही दिशाबाट जाँदै गरेको बा.प्र. २–०१६ प १६३४ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा चालक गुरुङको बायाँ हातको कुहिना र चिउँडोमा चोट लागि मध्यम घाइते भएका थिए। गुरुङलाई उपचारका लागि काठमाडौं लगेको प्रहरीले जनाएको छ। बस र चालक प्रहरीको नियन्त्रणमा रहेको छ।

सुनकोशीबाट हराएको मोटरसाइकल मकवानपुरमा

समाज संवाददाता

हेटौंडा: सुनकोशीबाट हराएको मोटरसाइकल मकवानपुर प्रहरीले फेला पारेको छ। हेटौंडा–११, थानाभञ्याङमा चेकजाँच गर्ने क्रममा बा. प्र. ०२०–०३३ प ८४६६ नम्बरको मोटरसाइकल फेला परेको मकवानपुर जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ।

सुरेश खड्काको नाममा रहेको उक्त मोटरसाइकल करिब दुई महिनाअघि सुनकोशीबाट हराएको थियो। मकवानपुर प्रहरीले फेला पारेको उक्त मोटरसाइकल बुधबार खड्कालाई बुझाएको छ।

नि:शुल्क मुटुरोग परीक्षण शिविर हुने

समाज संवाददाता

हेटौंडा: आउँदो बैशाख १६ गते शनिबार हेटौंडामा नि:शुल्क मुटुरोग परीक्षण शिविर आयोजना हुने भएको छ। नेपाल हृदयरोग निवारण प्रतिष्ठान मकवानपुरले मन लगाउ: सबैको मुटु बचाउ भन्दै नि:शुल्क शिविर आयोजना गरेको हो। प्रतिष्ठानले सातौं वार्षिक साधारणसभाको अवसरमा बिहान ८ बजेदेखि हेटौंडा–१० स्थित गोरक्षेश्वर मन्दिर, राप्तीतटको सभाहलमा नि:शुल्क मुटुरोग परीक्षण शिविर आयोजना गरिने जनाएको छ।

समृद्ध समाज राष्ट्रिय दैनिक

मकवानपुर बालविद्या सदन

हेटौंडा-१८, खड्कुले

'The Beast of Buckingham Palace'


from MULTI-MILLION bestselling author
David Walliams
THE BEAST OF BUCKINGHAM PALACE

'The Beast of Buckingham Palace' is a book written by David Walliams, illustrated by Tony Ross, and published by Harper Collins.

The story itself takes place in the year 2120 in the future of Britain. The story revolves around the future king of the once-great nation. The main character of this story is Prince Alfred, a sickly twelve years old boy who has never known life outside Bucking-ham palace.

In the year 2120, the kingdom is dark. Great Britain has not seen sunlight for fifty years. The government has been overthrown by the Lord Protector, a man who began his royal career forty years ago in the palace library. He has risen to become the King's closest adviser but yearns for more power. The King who once was a great ruler and a kind father is now as lost as his once great nation and rules the kingdom from Buckingham Palace. Still home to the royal family, it's now a fortress from which no one can get in or out.

The story progresses as we learn that Lord Protector is evil and the reason for the nation's downfall, we learn that Lord Protector uses the King's name to give his own self-centered orders. As the story progresses we learn many dark secrets and some shocking secrets in the story.

At the end of this story, we see Prince Alfred battling to kill the King's beast - the Griffin to protect and restore Great Britain.

Is Alfred able to defeat the Lord Protector and the Griffin? You'll have to read the book itself to find out.

This is a great book with a great storyline and suspense. I liked this book very much and enjoyed the drawings in between. Hope you also like this book as much as I did.

Reviewed By :
Aayush Dangol Shrestha
Class : Seven

लेखा परीक्षकको अनुगमन

समाज संवाददाता

हेटौंडा: नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा लेखा र लेखापरीक्षणको स्थलगत अनुगमन गरेको छ। लेखा तथा लेखापरीक्षणमा देखिएका बेथितिलाई सुधार गर्न अनुगमन गरिएको बताइएको छ।

लेखा तथा लेखापरीक्षणमा पूर्णरुपमा ज्ञान नभएका करसेवा सहयोगीहरुबाट लेखापरीक्षण गरी लेखापरीक्षकहरुलाई आर्थिक प्रभावमा पारी दस्तखत गराई युडिन नम्बर समेतको दुरुपयोग गरेको पाइएको अनुगमनमा सहभागी एक अधिकारीले बताएका छन्। व्यवसायीको लेखा राख्ने र वित्तीय विवरण बनाई दिने जिम्मेवारी लिएर थिति, विधिविपरित काम भइरहेकोप्रति लेखापरीक्षकलाई सचेत गराउने कार्य समेत भएको छ।

चार्टर्ड एकाउन्टेन्ट हेम कुमार काफ्लेको नेतृत्वमा सिए दिवाकर गिरी समेतको ४ सदस्यीय अनुगमन टोलीले सोमबार मकवानपुर जिल्लाका विभिन्न कर सहयोगीहरुले संचालन गरेका गैर लेखापरीक्षण फर्महरुको अनुगमन र आन्तरिक राजश्व कार्यालय हेटौंडामा समेत सो बारे छलफल गरेको छ। अनुगमन टोलीले मंगलबार चितवन र कावासोती समेतका गैर लेखापरीक्षक फर्म र त्यस्ता गैर लेखापरीक्षकहरुसँग संलग्न भई लेखापरीक्षण प्रतिवेदनमा दस्तखत गर्ने लेखापरीक्षकहरुको तथ्यांक संकलन गरेको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आचारसंहिता विपरित काम गर्ने लेखापरीक्षकहरुलाई अनुशासनको कार्वाही हुने व्यहोरा पनि जानकारी गराइएको छ।

विश्व व्यवस्थाको...

खाद्यान्न आयत गर्नुपर्ने अवस्थामा पुग्यो। बाकसमा आउने लाससँग साटेको रेमिटेन्सले मुलुक चल्ने अवस्थामा पुग्यो।

गरिब र धनीबीचको खाडल गहिरिँदै जाँदा सामाजिक अपराधमा बढोत्तरी हुन पुग्यो। अघोषित रूपमा पर्दापछाडिबाट मुलुकको अर्थ नीति, वैदेशिक नीति, राजनीति, भू-राजनीति, मौद्रिक वा वित्तीय नीति बन्ने र बनाउने काममा कोर मुलुकहरूको भूमिका ओपन सेक्रेट रूपमा देखिन थाल्यो।

बालुवाटार वार्ता र भूपू प्रधानमन्त्रीहरूको विज्ञप्ति, लैनचौर वार्ता, बेइजिङ पत्रकार सम्मेलनजस्ता घटनाले राजनीतिक अस्थिरता सिर्जना गरी गणतन्त्र, सङ्घीयता र धर्मनिरपेक्षता खारेज गर्ने इन्डोप्यासेफिक स्ट्राटेजीलाई रोक्नेजस्ता टड्कारो सन्देश दिन थाले। दलहरूको विभाजन र नाङ्लेपसल थपाइले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको जग चर्कंदै गएको छ। वर्तमान विश्व व्यवस्थाभित्र शासन प्रणाली, बहुधार्मिकता, साइबर कल्चर, सैनिकीकरण, आर्थिक सहयोगसम्बन्धी सङ्गठन, बेल्ट एन्ड रोड इनिसिएटिभ, इन्डो प्यासेफिक स्ट्राटेजीजस्ता महापरियोजनाका बीचमा भएको प्रतिस्पर्धाजस्ता पक्षहरू पनि विश्व व्यवस्था प्रणालीभित्रका विशेषताहरू हुन्।

त्यसो हो भने आधुनिक विश्व प्रणाली अवसर हो कि अभिशाप हो ? यसको सामना कसरी गर्ने वा समाहित कसरी हुने ? आजको अन्तर्निर्भताको युगमा यो विश्वप्रणालीसँग लाभदायक हिसाबले समाहित हुनु र अवसरमा परिणत गर्नुको विकल्प छैन। जसका लागि पेरिफिरी मुलुकले सेमी पेरिफेरी र कोर मुलुकबाट शोषत हुनुको सट्टा लाभ प्राप्त गर्दै आफ्नो स्तरोन्नति गर्ने र सेमी पेरिफिरी मुलुकले पेरिफेरी मुलुकबाट पारस्पारिक हितका आधारमा न्यायोचित लाभ प्राप्त गर्ने र कोर मुलुकबाट अपेक्षित लाभ प्राप्त गरी आफ्नो स्तरोन्नति गर्ने र कोर मुलुकले विश्वको कुनै भागको दरिद्रता विश्वको समृद्धिका लागि चुनौती हो भन्ने मान्यतालाई आत्मासात गर्दै असल मित्र राष्ट्रको भावनाले पेरिफिरी र सेमिपेरिफेरी मुलुकलाई सहयोग उपलब्ध गराई उनीहरूको आर्थिक विकासमा सहयोग पुर्याउनु पर्दछ।

पछिल्लो दशकमा चीन, दक्षिण कोरिया, सिङ्गापुर, मलेसिया भुटानजस्ता एसियाका केही मुलुकहरूले आन्तरिक स्रोतसाधन र वैदेशिक सहयोगको समुचित प्रयोगद्वारा विकासमा फड्को मारेका छन्। तर कोर मुलुकको चपेटामा परेर नेपाल, श्रीलङ्का, पाकिस्तान, बङ्गलादेशजस्ता मुलुक आर्थिक रूपमा धराशायी बन्दै जाँदै छन्। आधुनिक विश्वप्रणाली विश्व शान्तिको मार्गदर्शन बन्नुपर्छ।

(स्रोत: रातोपाटी)

लुम्बिनीको मुख्यमन्त्रीमा डिल्ली चौधरी

बुटवल: लुम्बिनी प्रदेशमा कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरी मुख्यमन्त्री नियुक्त भएका छन्। ८ दलको समर्थन प्राप्त चौधरीलाई प्रदेश प्रमुख अमिक शेरचनले संविधानको धारा १६८ को उपधारा २ अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेका हुन्। चौधरीलाई कांग्रेससहित माओवादी, नागरिक उन्मुक्ति, जसपा, लोसपा, जनमत, राष्ट्रिय जनमोर्चा, नेकपा एकीकृत समाजवादी र एक जना स्वतन्त्र सांसदको समर्थन छ। यसअघि बनेको एमाले नेता लिला गिरी नेतृत्वको सरकारले सोमबार विश्वासको मत प्राप्त गर्न नसकेपछि ढलेको थियो। चौधरीलाई कांग्रेसका २७, माओवादीका ११, नागरिक उन्मुक्तिका ४, जनमत, जसपा र लोसपाका ३/३ र जनमोर्चा, नेकपा एस र स्वतन्त्रका १/१ जनासहित ५३ जनाको समर्थन छ। माओवादीका ११ मध्ये एक जना तुलाराम घर्ती सभामुख छन्।

चौधरी दाङको निर्वाचन क्षेत्र नं. ३ (१) बाट निर्वाचित हुन्। यसअघि पनि निर्वाचित उनी अघिल्लो प्रदेश सभामा लामो समयसम्म सार्वजनिक लेखा समितिको सभापति भएर काम गरेका थिए। झन्डै डेढ वर्ष प्रदेशको पर्यटन, ग्रामीण तथा सहरी विकास मन्त्री पनि भए। चौधरी संघीय सरकारको श्रम राज्यमन्त्री पनि भएका थिए। दाङको कमैयामुक्त आन्दोलनका अगुवा रहेका चौधरी विभिन्न गैरसरकारी संघ संस्थाहरुमा पनि नेतृत्व गर्दै सामाजिक अभियन्ताको पहिचान बनाएका व्यक्ति हुन्। प्रधानमन्त्री देउवानिकट उनी २०६४ देखि निरन्तर महासमिति सदस्य छन्।

१७ वर्षको उमेरदेखि नै राजनीतिमा सक्रिय चौधरीले थारु समुदायसहित अन्य अल्पसंख्यक गरिबीको रेखामुनि रहेका नागरिकलाई शिक्षाका लागि पनि अभियान चलाएका थिए। चौधरीकै नेतृत्वमा २०७५ सालमा कमैया आन्दोलन सुरु भएको थियो। राजनीतिक परिवर्तन, पिछडिएका समुदायको सशक्तिकरणमा लागेका चौधरीलाई तत्कालीन पञ्चायत सरकारले देशद्रोहीको आरोपमा प्रहरी हिरासतमा पनि राखेको थियो। चौधरीले सामाजिक विकासमा स्नातकसम्मको अध्ययन गरेका छन्। स्रोत: इकान्तिपुर।

भूमि अधिकार मञ्च अध्यक्षमा स्याङ्तान

समाज संवाददाता

हेटौंडा: राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल मकवानपुरको अध्यक्षमा मीरा स्याङ्तान चयन हुनुभएको छ। बिहीबार हेटौंडामा भएको सातौं जिल्ला अधिवेशनले स्याङ्तानको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो।

कार्यसमितिको उपाध्यक्षमा जयबहादुर वाइबा, देवकृष्ण थोकर चयन हुनुभएको छ। यस्तै, सचिवममा विष्णु आचार्य, सहसचिवमा सुलाल गोले, कोषाध्यक्षमा ठूलीमाया मोक्तान र संरक्षकमा यज्ञबहादुर श्रेष्ठ चयन हुनुभएको छ। सदस्यहरुमा सूर्यबहादुर सापकोटा, सबल सिं थिङ, सुष्मा भोलन, रामबहादुर थिङ, रुक्मणि तिमल्सिना र सन्दिप जिम्बा रहनुभएको छ। नयाँ कार्य समितिको कार्यकाल ३ वर्षे रहनेछ। राष्ट्रिय भूमि अधिकार मञ्चले सुकुम्बासी, दलित र आवाजविहीनको आवाज सम्बन्धित ठाउँमा पुर्‍याउने काम गर्दै आएको छ। कार्यक्रममा उपस्थितहरुले वर्षमा चुनावको एक दिन जग्गा नम्बरी हुने तर चुनाव सकिएपछि जग्गा ऐलानी हुने गरेको गुनासो गरेका थिए।

कार्यक्रममा राष्ट्रिय भूमि अधिकार मञ्च नेपालको मकवानपुर जिल्ला अध्यक्ष यज्ञबहादर श्रेष्ठको अध्यक्षता तथा पूर्व श्रम, रोजगार तथा यातायात मन्त्री एकलाल श्रेष्ठको प्रमुख आतिथ्य थियो। कार्यक्रममा नापी कार्यालय प्रमुख पूर्णहरी सुवेदी, मालपोत कार्यालय प्रमुख ओमबहादुर अधिकारी, भूमि आयोग तथा बिज्ञ सदस्य अर्जुन चौलागाई, बिभिन्न संघ संस्थाका पदाधिकारीको उपस्थिति रहेको थियो।

होटल बासुकला FAST FOOD

स्वादिष्ट नेवारी खाजा
अब
होटल बासुकला (फास्टफुड) मा
() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं।
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं।
०५७-५२६०१३



के तपाई पौडी सिक्न चाहनुहुन्छ ?
सहभागी हुन सक्ने उमेर:
७ बर्ष भन्दा माथी
समय:
विहान: ८:00 बजे देखि ११: 00 बजेसम्म
दिउँसो: २:00 बजेदेखि ५: बजेसम्म
थप जानकारीको लगि सम्पर्क:
HETAUDA FUTSAL AND SPORTS CENTER
BHUWAN SINGH PATH, KAMALDANDA, HETAUDA
CONTACT NO. 9845700596, 057-523533

YAMAHA RACING

The call of the BLUE

YAMAHA
CYGNUS RAY ZR 125 FI
MILEAGE CHALLENGE

EVENT : BAISHAK 16, 2080
YAMAHA SHOWROOM, HETAUDA

RIDE TO SUCCEED

PARTICIPATE & WIN
EXCITING GIFT HAMPERS

REGISTRATION OPEN

MAW
BUILDING TRUST THROUGH SERVICE

RAJ MOTORS, HETAUDA
057-526460, 9855068060, 9865408768